## दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल

# रणनीतिक योजना २०१८

## मार्च २०१८ देखि फेब्रुअरी २०२१

## कार्यसमिति

## धुलिखेल, काभ्रे

## १. परिचय

प्राकृतिक वातावरणमा ह्रास विश्वब्यापी चुनौतीको रुपमा देखापरेको छ । यसले मानव जाति मात्र हैन सिंगो प्राणी, बनस्पति तथा जीवन चक्रमा नकारात्मक प्रभाव पारेको छ । त्यसैले वातावरण संरक्षण दिगो विकास आजको आवश्यकता हो । विकास केवल भौतिक विकाससँग मात्र सम्बन्धित बिषय हैन । विकासले बिपन्न, सिमान्तकृत र संकटमा परेका मानिसहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्नु पर्छ । विकासलाई समग्र रुपमा हेरिनु पर्छ । विकास केवल गरिब र पिछडिको मुलुकको मात्र समस्या हैन । त्यसैले विश्वमा विकास सहाययताको अभ्यास प्रारम्भ भयो । विकासलाई योजनाबद्ध रुपमा अगाडि बढाउने अभ्यास पनि प्रारम्भ भयो । विकासलाई अधिकारको रुपमा ग्रहण गरेसँगै विकासको विश्वब्यापी ढाँचाको अभ्यास थालियो । सन् २००० देखि २०१५ सम्म सहश्राब्दी विकास लक्ष्य घोषणा गरियो । यसको लगत्तै दिगो विकास लक्ष्य हासिल गर्ने विश्वब्यापी प्रतिबद्धता सने २०१५ मा गरियो । दिगो विकास लक्ष्यलाई सहयोग पुऱ्याउने अभिप्रायका साथ १२ जनवरी २०१७ मा दिगो विकासको लागि राष्ट्रिय अभियान नेपाल नामक संस्थाको स्थापना गरियो । उक्त संस्थालाई विधिवत काभ्रेपलाञ्चोक जिल्ला अन्तरगत जिल्ला प्रशासन कार्यालयमा दर्ता पनि गरियो । दिगो विकास अभियानलाई सफल बनाउन संस्था योजनाबद्ध रुपमा अगाडि बढ्नु पर्ने आवश्यकता महशुस गरिएको हुँदा संस्थाले ५ बर्षीय रणनीतिका योजन तर्जुमा गरको छ । यो योजनाको अवधि २०७४ फागुण १७ देखि २०७९ फागुण १६ (१ मार्च २०१८ देखि २८ फेब्रुअरी २०२३) साल सम्मको रहेको छ । यो योजनाले वर्तमान वस्तुस्थितिलाई विश्लेषण गर्दै आगामी पाँच बर्ष सम्म संस्थाले गर्ने प्राथमिक रणनीतिक कार्यहरु पहिचान गरेको छ भने त्यसैको आधारमा तत्कालिन गर्नुपर्ने क्रियाकलापहरु पहिचान गरी २ बर्षे कार्ययोजना समेत प्रस्तुत गरेको छ । यो योजना कार्यसमिति लगायत सम्पूर्ण सदस्यहरुको सहभागितामा २०७४ फागुण १८ गते (२ मार्च २०१८) का दिन धुलिखेलमा एक कार्यशाला आयोजना गरी सहभागितामूलक विधि अवलम्बन गरी तयार गरिएको छ । यो योजनाले संस्थालाई लगातार पाँच बर्ष सम्म दिशा निर्देश गर्नेछ ।

## २. सन्दर्भ विश्लेषण

रणनीतिक योजना बनाउने क्रममा वर्तमान वस्तुस्थिति विश्लेषण गर्न PESTLE *(Political, Economical, Social, Technological, Legal and Environmental)* Analysis विधि अवलम्बन गरिएको थियो । विश्लेषणको सार यस बमोजिम रहेको थियो ।

**२.१ राजनीतिक वातावरण** : विश्वब्यापी रुपमा राजनीतिक फेरबदल तिब्र रुपमा भैरहेको छ । विश्व राजनीतिले सबैलाई कुनै न कुनै रुपमा प्रभाव पारेको छ । विश्वब्यापी रुपमा लोकतान्त्रिक शासन प्रणाली अभ्यासले गतिलिएको भएता पनि अझै कतिपय देशमा सैनिक शासन, अधिनायकवादी शासन अस्तित्वमा छ । शक्ति प्राप्ति गर्ने होडबाजी विश्वब्यापी, क्षेत्री र अन्तदेशीय रुपमा प्रबृत्तिको रुपमा देखिएको छ । लोकतान्त्रिक विधिबाटै पनि अतिवादीहरु निर्वाचित हुने र अनुदारवादीहरु शासन प्रभुत्व जमाउँदै गएको देखिन्छ भने नीति निर्माणमा उद्योमी ब्यवसायीको प्रभावले गर्दा जनमुखी नीति योजना बन्ने कुरामा अवरोध पुग्न गएको महशुस गरिन्छ । उत्तरकारिया र अमेरिकाबीचको द्वन्द, त्यसैगरी सिरिया लगायतमा देशमा भएको युद्ध आदिले विश्व शक्ति सन्तुलनमा होडावाजी देखिन्छ । भने नेपाल जस्तो दुई ठूला देशको चेपुवा परेको देश र यसको आन्तरिक राजनीतिमा छिमेकी देशहरुको चासो, हस्तक्षेप अनुभव गरिएको छ । २०७२ सालमा नयाँ संविधान जारी भएपछि देश संघीय राज्य प्रणालीमा रुपान्तरण भैरहेको छ । स्थानीय तह, प्रदेश सभा तथा संघीय संसदको निर्वाचनको काम सम्पन्न भैसकेको छ भने स्थानीय तहमा निर्वाचित प्रतिनिधिहरुले काम शुरु गरिसकेको, ७ वटै प्रदेश सरकारहरु गठन भैसकेको छ भने संघीय सरकारको पनि गठन भैसकेको छ । नेकपा एमाले र नेकपा माओवादी केन्द्र जस्ता दुई ठूला राजनीतिक दलहरु एकीकृत हुने क्रममा छ । एकीकृत दलको संसदमा सुविधाजनक वहुमत भएको हुँदा अबको सरकार स्थिर होला कि भनी आशा गर्न सकिन्छ । तर राजनीतिको भविष्य अनुमान गर्न सजिलो नहुने भएको हुँदा यसै भन्न सकिने अवस्था छैन भने प्रदेश र स्थानीय तहमा वामपन्थी दलहरुले बढी प्रभाव रहेको छ । गाउँपालिका तथा नगरपालिकाहरुको संख्या ७५३ रहेको छ । यी सरकारहरु पाँच बर्ष सम्म स्थिर रहने हुँदा राम्रो नेतृत्व रहेमा राम्रो काम हुन सक्छ । तर स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरुको क्षमता कमजोर देखिएको छ । राजनीतिक संक्रमण, ऐन नियमको कमी, जनशक्तिको राम्ररी ब्यवस्थापन गर्नु पर्ने, वित्तीय श्रोतको उपलब्धता र उपयोग सही रुपमा गर्ने क्षमता, अधिकार र जिम्मेवारीमा अन्यौलता आदि चुनौतीहरुको रुपमा देखिएको छ । स्थानीय तहमा एक दलले अर्को दललाई सहयोग

नगर्ने प्रबृत्ति देखा परेको छ । स्वस्थ प्रतिस्पर्धा, सहयोग, समन्वय र सहकार्यको संस्कृति राम्ररी विकास भैनकेको अवस्था छ । उच्च तहका राजनीतिक नेतृत्वको इच्छाशक्ति, प्रतिबद्धता र जवाफदेहिता महत्वपूर्ण बिषय हुन् ।

**२.२ आर्थिक वातावरण** : देशमा राजनीतिक रुपान्तरणसँगै अर्थब्यवस्थामा सकारात्मक परिणाम देखिन थालिएको छ । आर्थिक बृद्धि दर गत बर्ष ७ प्रतिशत सम्म देखियो । तर कृषि जमिनको उपयोग प्रयाप्त हुन नसकेको, कृषि मजदुरको अभाव, आधुनिक कृषि अभ्यास नहुँदा कृषि उत्पादनमा राम्रो विकास हुन सकेको छैन । नयाँ उद्योग कल कारखानाहरु नखोलिनु, भएका उद्योगहरु बन्न गर्नु पर्ने अवस्था, प्रतिस्पर्धा क्षमता नहुनु, वैदेशिक लगानी प्रयाप्त भित्रन नसकेको चुनौती देखिएको छ । सुरक्षित लगानीको वातवारण बनी नसकेको अवस्था छ भने झण्डै ५० लाख नेपालीहरु बैदेशि रोजगारीमा गएको छ । देशको अर्थतन्त्रमा झण्डै २९ प्रतिशत योगदान बिप्रेशनको रहेको छ । प्रति ब्यक्ति आय ८५३ ्अमेरिकी डलर रहेको छ । विप्रेशन आफैमा अर्थतन्त्रको भरपर्दो श्रोत नभएको हुँदा अर्थतन्त्र अझै भरपर्दो छैन । ग्रामीण क्षेत्रमा आर्थिक अवस्था राम्रो छैन । नेपाल अझै कम विकास मुलुकको समुहमा रहेको छ । अर्थतन्त्रमा सेवा क्षेत्रको अंश बढ्दै र्गको छ । प्रदेशगत रुपमा २ नम्बर र कर्णाली प्रदेशमा वहुक्षेत्रीय गरिबीको अवस्था नराम्रो छ । यसले क्षेत्रगत असमानताको इंगित गर्छ भने अस्थायी बसाइ सराइले अर्थतन्त्रको विकासमा प्रभाव पारेको छ । देशमा ब्यपार घाटा डरलाग्दो छ यसले हाम्रो अर्थतन्त्र आयातमुखी भएको पुष्टी गर्छ । त्यसमा पनि भारत तिरको आर्थिक निर्भरता निकै चर्को छ । खाद्यबस्तु देखि सबै खाले बस्तुहरुमा अति निर्भरता दुर्भाग्य नै हो । भुपरिबेष्ठित मुलुकको कारणले ब्यापार नाकामा विविधिकरण नहुन नसक्ने र उत्तरतिर पनि आर्थिक सम्बन्धमा भौगोलिक जटिलताले सहयोग नगर्ने आदि देशका चुनौतीहरु हुन् । सरकारी तथ्यांकले गरिबी घटेका देखिएता पनि आर्थिक असमानता बढ्दै गएको महशुस गरिन्छ । श्रम पलायन मात्र हैन बौद्धिक पलालयन पनि समस्याको रुपमा देखिएको छ । स्थानीय तहमा उद्योमशिलताको विकास प्रयाप्त हुन सकेको छैन भने योजनाबद्ध स्थानीय अर्थतन्त्रको लागि ठोस पहल तथा अभ्यासको अभाव नै छ । देशमा पूर्वाधारको विकासको लागि पहल भएता पनि प्रयाप्त विकास भने हुन सकेको अवस्था छैन । काठमाण्डौमा लोडसेडिङ्ग हटेको अवस्था छ तर बिद्युतमको माग अनुसार देश भित्र उत्पादन हुन नसक्दा बिद्युत उर्जाको लागि पनि भारतमा नै निर्भर हुन पुगेको अवस्था छ । भुकम्प पश्चातको पुर्ननिर्माण र पुर्नस्थापनाले गर्दा देशमा थप श्रोत र लगानीको आवश्यता देखिन्छ ।

**२.३ सामाजिक वातावरण :** देशमा सामाजिक विकास क्षेत्रमा सकारात्मक परिवर्तनको अवस्था छ । शैक्षिक स्थितिमा सुधार आएको भने ब्यक्तिगत आयु बढेको अवस्थाले स्वास्थ्य क्षेत्रमा सुधार भएको देखिन्छ । मानिसको चेतनाको स्तरमा सुधार भएको छ । शिक्षाको क्षेत्रमा बिस्तार भएपनि गुणात्मक शिक्षामा समान पहुँच हुन सकेको छैन भने स्वास्थ्यमा समान पहुँचको अवस्था सृजना हुन सकेको छैन । खानेपानीको क्षेत्रमा सुधार भएपनि सरसफाइको क्षेत्र पछि नै छ । लैगिक विभेद र जातीय विभेदको अन्त हुन सकेको अवस्था छैन । संविधानले सामाजिक सुरक्षा लगायत ३१ वटा क्षेत्रलाई मौलिक हकको रुपमा उल्लेख गरेको भएता पनि कानून बनाएका कार्यान्वयन गर्ने भनिएता पनि धेरै कानूनहरु भने बन्न बाँकी देखिन्छ । सामाजिक अवस्थामा सकारात्मक अवस्थामा उन्मुख भएपनि सामाजिक पूँजीमा भने ह्रास आएको अवस्था छ । स्थानीय तहमा सामुहिक भावना र साझा प्रयासको अभ्यासमा कमी आएको छ । सामाजिक काममा मानिसहरुको कम चासो देखिन्छ र स्वयंसेवी भावनामा ह्रास आएको अवस्था छ । स्वतःस्फूर्त सामाजिक काममा लाग्ने भन्दा माथिबाट लादिएको जस्तो अनुभव आजको चुनौतीहरु हुन् । शहरीकरणको बृद्धि र बढ्दो जनसंख्याको ब्यवस्थापन पनि आजको चुनौतीको रुपमा रहेको छ । देशमा युवाहरुको संख्या अरु उमेर समुहको भन्दा बढी देखिएको हुँदा आर्थिक विकासको लागि राम्रो समय हो । वालमृत्युदरमा सकारात्मक सुधार देखिएको छ । सर्ने रोगमका कमी भएपनि नसर्ने रोग जस्तै मधुमेह, उच्च रक्तचाप र मुटुको बिरामी, मानसिक स्वास्थ्यमा समस्या थपिकएको छ । शीक्षा र स्वास्थ्य जस्तो आधारभूत स्वास्थ्य सेवामा पहुँचमा असमानता रहेको छ । गरिब र ग्रामीण क्षेत्रमा गुणस्तीर शिक्षामा पहुँच पुग्न सकेको अवस्था छैन ।

**२.४ प्राविधिक वातावरण :** विश्वमा बिज्ञान प्रविधिको विकास तिब्र रुपमा भैरहेको अवस्था छ । तर त्यसको प्रसार हाम्रो जस्तो गरिब मुलुकमा हुन नसक्दा त्यसबाट प्रयाप्त फाइदा नसकिएको अवस्था छ । नयाँ प्रविधि महँगो पनि छ तसर्थ प्रविधिमा पहुँच हाम्रो एक समस्या हो । विज्ञान, प्रविधि र अनुसन्धानमा आन्तरिक लगानीको अवस्था निकै दयनिय छ । विज्ञान प्रविधिको विकास देशको प्राथमिक क्षेत्र भित्र पर्न सकेको छैन । यद्यपि, सूचना र संचार प्रविधिको क्षेत्रमा भने प्रयाप्त विस्तार विकास भएको छ । इन्टरनेट र मोबाइलमा पहुँच बढ्दै गएको छ तर सार्वजनिक सेवाको क्षेत्रमा सूचना प्रविधिको उपयोग हुन नसक्दा सेवा प्रभावकारी हुन सकेको छैन । पराम्परगत र मौलिक प्रविधि र

ज्ञानको संरक्षणको लागि ठोस प्रयास हुन सकेको छैन । कृषिमा मौलिक बिउ संरक्षण गर्न सकिएको छैन भने आधुनिक बिउको लागि बाहिरबाट आयात गर्नु पर्ने अवस्था छ । वातावरणमैत्री प्रविधिको विकास र प्रयोग मुख्य चुनौतीको रुपमा रहेको छ ।

**२.५ कानूनी वातावरण** : लामो प्रतिक्षा पछि देशको मूल कानूनको रुपमान नयाँ संविधान २०७२ जारी भैसकेको अवस्था छ । देशको राजनीतिक संक्रमण र बृहत शान्ति सम्झौताको एक मुख्य कडीको रुपमा यस संविधानलाई लिन सकिन्छ । नयाँ संविधानले देशलाई समाजवाद उन्मुख बनाउने र लोकतान्त्रिम मान्यता अनुसार वहदलीय प्रतिस्पर्धा, राजनीतिक स्वतन्त्रता, कानूनी शासन, शक्ति पृथकीकरण, आवाधिक निर्वाचनको बारे उल्लेख गरिएको छ । संविधान नागरिक उठाएका थुप्रै अधिकारका सवालहरु समावेश गरिएको छ । तर संविधान बमोजिम कानूनहरु बन्न सकेको छैन । प्रदेश र स्थानीय तहमा कानून बन्ने प्रक्रिया जारी छ । देशमा कानूनहरु भएतापनि त्यसको कार्यान्वयनको अवस्था भने कमजोर छ । न्यायमा पहुँचको अवस्था कमजोर छ । दण्डहिनताको संस्कृति अझै जारी छ । सामाजिक संघ संस्थालाई नियमन गर्न संस्था दर्ता ऐन रहेको छ भने  समाज कल्याण परिषद ऐन पनि कार्यान्वयनमा छ । गैरसरकारी संघ संस्थाहरुको नियमनको लागि स्थानीय र प्रदेश तहमा भने कानून बन्न सकेको छैन । सामाजिक संघ संस्था गठन र संचालनको लागि कानूनी वातावरण अनुकुल रहेको छ । तर, संघ संस्था विभिन्न तहमा दर्ता तथा आबद्ध हुनु पर्ने र समाज कल्याण परिषदले एकपक्षीय रुपमा विभिन्न नियमा लाद्ने प्रयासले गैससहरु संचालनमा केहि अप्ठेरो महशुस गरिएको छ ।

**२.६ वातावरणीय अवस्था :** वातावरणमा ह्रास एक ठूलो समस्याको रुपमा देखिएको छ । चाहे विश्वस्तरमा होस् वा चाहे स्थानीय स्तरमा प्रदुर्षण बढेको छ । वायुमण्डल होस् वा जमिन वा पानी सबै प्रकृतिक श्रोतहरु प्रदुर्षण बढ्दो छ । जैविक विभिदतामा क्षति निरन्तर जारी छ । विभिन्न प्रजातिको जीव तथा वनस्पति लोप भैरहेको अवस्था छ । फोहरमैलाको उचित ब्यवस्थापन हुन सकेको छैन । शहरी क्षेत्रमा फोहरमैला ब्यवस्थापन ठूलो समस्याको रुपमा रहेको छ । जलवायु परिवर्तन विश्वमा मानवजातिको लागि ठूलो चुनौती बनेको छ । विश्वमै नेपाल जलवायुयको जोखिम र प्रभावको हिसाबले चौथो देशको रुपमा रहेको यसको प्रभाव हिमाली क्षेत्रमा देखिएको र यसले जलचक्र र कृषिमा परेको छ । त्यसैगरी स्वास्थ्यको क्षेत्रमा पनि यसको प्रभाव परेको छ । जलवायुको कारक औधोगिक देशहरु भएपनि औधोगिक देशहरुको सहयोगबाट मात्र यसको यथोचित सम्बोधन हुन सक्छ । कृषि क्षेत्रमा अन्धाधुन्ध बिषादीको प्रयोगले माटोको गुणस्तर र मानव स्वास्थ्यमा नकारात्मक प्रभाव परेको छ । पहाडी क्षेत्र सामुदायिक वन क्षेत्रको कारणले वन संरक्षण सुधार भएता पनि तराई क्षेत्रमा वन क्षेत्रको ह्रास आइरहेको छ । भुक्षयको अवस्था विकराल छ । बाढी पहिरोको प्रकोपले ठूलो धन जनको क्षति भैरहेको अवस्था र नेपाल भूकम्पीय प्रभावित क्षेत्र भएको हुँदा प्रयाप्त तयारी गर्नु पर्ने अवस्था छ । जनसंख्याको बृद्धि, अब्यवस्थित सहरीकरण र त्यसले पारेका प्रभाव पनि वातावरणीय सवालको रुपमा रहेको छ ।

## ३. संस्थागत अवस्था विश्लेषण

दिगो विकास मञ्च स्थापन भएको एक बर्ष मात्रै पुगेका छ । तसर्थ, यसले एक बर्षको अवधि धेरै कामहरु गर्न सक्ने अवस्था त थिएन । तर रणनीति योजना तर्जुमाको क्रममा संस्थागत क्षमताको अवस्थाबारे विश्लेषण गरिएको त्यसको लागि SWOT *(Strength, Weakness, Opportunities and Threats)* Analysis विधिको प्रयोग गरिएको थियो । छलफल र विश्लेषणको आधारमा निकालिएको निश्कर्षहरु तल प्रस्तुत गरिएको छ ।

### ३.१ सबल पक्षहरु

संस्था विधिवत रुपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी कानूनी मान्यता प्राप्त गरेको, साथै समाज कल्याण परिषद र गैसस महासंघ नेपालमा आबद्ध भएको छ । यसको अतिरिक्त स्थायी लेखा नम्बरमा दर्ता भएको छ भने कर छुट प्रमाणपत्र पनि लिइसेकेको अवस्था छ । संस्थाले नबिल बैंक तथा राष्ट्रिय वाणिज्य बैंकमा बैंक खाता खोलिसकेको छ । त्यसैगरी फेसबुक तथा टिवटरमा एकाउण्टा खोलिसकेको छ । यसले संस्थाको गतिविधि बारे जानकारी दिन सकिने भएको छ । संस्थाको दर्ता नविकरण्को काम समेत सम्पन्न भएको छ । संस्था केही अन्तर्राष्ट्रिय संस्थाहरुमा समेत आबद्ध भएको छ । जस्तै Regional CSO Engagement Mechanism, Together 2030, Asia CSO Partnership for Sustainable Development, Action for Sustainable Development, Partnership for

Sustainable Development, TAP Network. संस्थामा अनुभवी व्यक्तिहरुको उपस्थिथिति, विभिन्न पृष्ठभूमिमा काम गरिरहेका, समावेशी टिम आदि संस्थाका सबल पक्षहहरु हुन् ।

### ३.२ कमजोर पक्षहरु

संस्था भरखरै स्थापना भएको हुँदा यसको केही कमजोरी पक्षहरु समेत बिद्यमान रहेका छन् । संस्थाको आर्थिक क्षमता कमजोर छ । यसले आन्तरिक वा बाह्य दुवै श्रोतबाट आर्थिक परिचालन गर्न सकेको अवस्था छैन । भने संस्थाले कुनै ठोस कार्यक्रम पनि संचालन गर्न सकेको अवस्था छैन । नेतृत्व तथा सदस्यहरुले प्रर्याप्त समय दिन नसकेको र सदस्यहरु बीच सूचनाको ग्याप हुन आदि संस्थाका कमजोरीहरु हुन् । त्यसैगरी संस्थाको तर्फबाट स्थानीय क्रियाकलापहरुमा सहभागी बन्न नसकेको र अन्य संघ संस्थाहरुसँग सम्पर्क र सम्बन्ध समेत बनाई नसकेको अवस्थाहरु, संस्थाका कमजोरीहरु हुन् । त्यसैगरी सदस्यता बिस्तार र स्वयं सेवी साथीहरु समेट्न सकिएको छैन ।

### ३.३ अवसर तथा संभावनाहरु

समस्याहरुको बाबजुद् संस्थाको लागि काम गर्न सकिने प्रयाप्त अवसर र संभावनाहरु छन् । देशमा तीन तहको सरकार स्थापा भएका छन् । निर्वाचित निकायहरुले गर्नु पर्ने थुप्रै कामहरु छन् । तर ती सबै निर्वाचित संस्थाहरुबााट सम्पादन हुन सक्ने अवस्था छैन । तसर्थ, ती कामहरु गर्नको लागि सक्षम संस्थाहरुले सहयोग पुऱ्याउन सक्दछ । स्थानीय तहमा निर्वाचित व्यक्तिहरु कमजोर भएको हुँदा उनीहरुको क्षमता विकास गर्दै स्थानीय तहमा दिगो विकास प्रक्रियालाई अगाडि बढाउन सकिने संभावना छ । अन्तर्राष्ट्रिय संघ संस्थाहरु पनि दिगो विकास लक्ष्य कार्यान्वयनमा सहयोग गर्न लालायित भएको हुँदा कार्यक्रमहरु संचालन गर्न सकिने संभावना छ । स्थानीय सरकारहरुसँग सहकार्यको राम्रो अवसर रहेको छ ।

### ३.४ धम्की तथा चुनौतीहरु

अरु संघ संस्थाहरुले अनुभव गरे झैं राजनीतिक संक्रमणले गर्दा नीति नियमहरु राम्ररी कार्यान्वयन हुन नसक्नु, राज्यको पुर्नसंरचनाको ब्यवस्थापनले गर्दा राज्यका निकायहरु कमजोर रहनु चुनोतीहरु हुन् । भने बाह्य श्रोत साधनमा पहुँच त्यक्ति सजिलो छैन । हामीले चाहेको जस्तो सहयोग स्थानीय सरकारहरुबाट नमिल्न सक्छ । गैरसरकारी संस्थाहरुले हेर्ने गरिने ब्यवहार नकारात्मक रहेको हुँदा संस्थाको काम गराई र पहलमा पनि असर पर्न सक्छ । गैससहरुसँग सम्बन्धित ऐन नियम नयाँ बन्ने वा भएका कतिपय नियमनकारी ब्यवस्था पनि नियन्त्रणमुखी बन्दै जाने अवस्था संस्थाका लागि चुनौती हुन् । त्यसैगरी संघ संस्थाहरुबीच अस्वस्थ प्रतिस्पर्धा पनि चुनौतीको रुपम रहेको छ ।

## ४. दूरदृष्टि (Vision)

संस्थाको दूरदृष्टि “समतामूलक, समावेशी, शान्तिपूर्ण, न्यायपूर्ण, उत्थानशिल र सम्बृद्ध समाजको निर्माण” भन्ने तय गरिएको छ ।

## ५. ध्येय (Mission)

“सरोकारवालाहरुसँग समन्वय र साझेदारी गर्दै कसैलाई पछाडि नछाड्ने (Leave No One Behind) सिद्धान्तको आधारमा दिगो विकासको प्रबर्धनको लागि निरन्तर क्रियाशिल रहने” संस्थाको ध्येय रहेको छ ।

## ६. लक्ष्य (Goal)

संस्थाको लक्ष्य “सामाजिक आर्थिक सवलिकरण र वातावरण संरक्षण सहित न्यायमूलक समावेशी समाज स्थापित भएको हुनेछ” भन्ने रहेको छ ।

## ७. उद्देश्यहरु (Objectives)

संस्थाको उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- समावेशी र न्यायमूलक समाजको लागि आवश्यक नीति र योजना निर्माणमा सहयोग गर्ने ।
- सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय संघ संस्थाहरु र तहगत निकायहरुसँग समन्वय र सहकार्य गर्ने ।

- बिपन्न र सीमान्तकृत समुहहरुलाई लक्षित कार्यक्रमहरु संचालन गर्ने ।

**८. सिद्धान्तहरु ⁄ मूल मान्यता (Principles/Core Value)**

संस्थाको मूल सिद्धान्तहरु अर्थात् मुल मान्यताहरु निम्न बमोजिम रहेका छन् ।

- मानव अधिकार
- न्याय
- समावेशिता र विविधताको सम्मान
- सेवामुखी
- सुशासन

**९. रणनीतिक प्राथमिक कार्यहरु (Strategic Actions)**

संस्थाका प्राथमिक कार्यहरु निम्न बमोजिम हुने छन् :

- संस्थागत क्षमता र आर्थिक क्षमता विकास गर्ने
- विभिन्न तहका सरकारहरु र संघ संस्थाहरुसँग सम्बन्ध, सहकार्य र साझेदारी विकास गर्ने
- दिगो विकासमा सहयोग पुग्ने नीति, योजना तथा कार्यक्रम निर्माणमा सहयोग पुऱ्याउने
- दिगो विकासमा योगदान पुग्ने गरी अध्ययन अनुसन्धान गर्ने
- बिपन्न र सीमान्तकृत समुह लक्षित कार्यक्रम संचालन

**१०. पद्धति (Approaches)**

रणनीतिक योजनाले परिभाषित गरेका लक्ष्यमा पुग्न र उद्देश्यहरु हासिल गर्नको लागि सस्थाले अवलम्बन गर्ने पद्धतिहरु निम्न बमोजिम हुने छन् :

- निरन्तर सक्रियता
- परिचालन
- वकालत
- संवाद
- नागरिक शिक्षा तथा क्षमता विकास
- संजलिकरण र ऐक्यबद्धता
- सहकार्य र साझेदारी
- अध्ययन अनुसन्धान
- सहभागितामूलक विधि अवलम्बन
- सशक्तिकरण

**कार्ययोजना**

| उद्देश्य | रणनीतिक कार्य | क्रियाकलाप | समय | मुख्य जिम्मेवारी | आवश्यक श्रोत साधन |
|---|---|---|---|---|---|
| सरकारी, गैरसरकारी, अन्तर्राष्ट्रिय संघ संस्थाहरु र तहगत निकायहरुसँग समन्वय र सहकार्य गर्ने । | संस्थागत क्षमता र आर्थिक क्षमता विकास गर्ने | कार्यालय स्थापना | असार अन्त सम्म | कोषाध्यक्ष | |
| | | कर्मचारी व्यवस्थापन | परियोजना भएपछि असार अन्त | कोषाध्यक्ष | |
| | | आर्थिक श्रोत पहिचान तथा परिचालन | असोज मसान्त सम्म | अध्यक्ष | |
| | | कार्यसमिति र सदस्य क्षमता विकास तालिम | असार सम्म | अध्यक्ष | |
| | | भौतिक सुविधाको ब्यवस्थापन | चैत्र मसान्त सम्म | कोषाध्यक्ष | |
| | | रणनीतिक योजना दस्तावेज पारित | चैत्र मसान्त सम्म | अध्यक्ष | |
| | | आर्थिक ब्यवस्थापन नियमावली तर्जुमा तथा पारित | अशोज सम्म | कोषाध्यक्ष | |
| | | संस्थाको पहिचान र प्रसिद्धिको लागि पहल गर्ने (ब्रोसर, वेवसाइट आदि) | चैत्र मसान्त सम्म | अध्यक्ष | |
| | | कर्मचारी ब्यवस्थापन नियमावली तर्जुमा तथा पारित | चैत्र मसान्त सम्म | अध्यक्ष | |
| | | लैंगिक समता तथा समावेशीकरण नीति तर्जुमा तथा पारित | कार्तिक मसान्त सम्म | सचिव | |
| | | कर्मचारीलाई क्षमता अभिबृद्धि तालिम | कर्मचारी ब्यवस्था भएपछि | अध्यक्ष | |
| | विभिन्न तहका सरकारहरु र संघ संस्थाहरुसँग सम्बन्ध, सहकार्य र साझेदारी विकास गर्ने | काभ्रे जिल्लाको गाउँपालिका र नगरपालिकाहरु मध्ये पाँचवटासँग कार्यमूलक सम्बन्ध र साझेदारी अगाडि बढाउने | अशोज सम्म | अध्यक्ष | |
| | | उद्देश्य मेल खाने प्रकृतिका राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको संजाल नेटवर्क | अशोज र निरन्तर | अध्यक्ष | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | एलान्स महासंघहरुको सदस्य लिने | | | |
| | | जिल्लामा दिगो विकासमा कार्य गर्ने संघ संस्थाहरुबीच नेटवर्किङ्ग | असार सम्म | अध्यक्ष | |
| समावेशी र न्यायमूलक समाजको लागि आवश्यक नीति र योजना निर्माणमा सहयोग गर्ने । | दिगो विकासमा सहयोग पुग्ने नीति, योजना तथा कार्यक्रम निर्माणमा सहयोग पुऱ्याउने | जिल्ला तहमा मेडियासँग दिगो विकासको पक्षमा सहकार्य गर्ने | असार सम्म र निरन्तर | सचिव | |
| | | स्थानीय जनप्रतिनिधिहरुलाई दिगो विकास लक्ष्यबारे अभिमुखीकरण गर्ने | अशोज सम्म | अध्यक्ष | |
| | | विकास नीति, योजना कार्यक्रमहरु दिगो विकासको फ्रेमवर्कमा तर्जुमा सहजिकरण गर्ने | अशोज सम्म | अध्यक्ष | |
| | दिगो विकासमा योगदान पुग्ने गरी अध्ययन अनुसन्धान गर्ने | दिगो विकास कार्यान्वयन अवस्थाबारे अध्ययन गर्ने | अशोज सम्म र निरन्तर | अध्यक्ष | |
| | | दिगो उत्पादन र दिगो उपभोगको बारे अनुसन्धान गर्ने | २०७५ असार सम्म | अध्यक्ष | |
| | | जलावयु परिवर्तन र वातावरणमैत्री स्थानीय विकासको अध्ययन गर्ने | २०७५ पुष सम्म | अध्यक्ष | |
| | | लक्ष्य १६ र १७ को कार्यान्वयनको लागि कार्य गर्ने | २०७५ असार सम्म | अध्यक्ष | |
| | | काभ्रे जिल्लामा बिपन्न र सीमान्तकृत समुहबारे सर्वेक्षण गर्ने | २०७५ असार सम्म | अध्यक्ष | |
| बिपन्न र सीमान्तकृत समुहहरुलाई लक्षित कार्यक्रमहरु संचालन गर्ने । | बिपन्न र सीमान्तकृत समुह लक्षित कार्यक्रम संचालन | लक्षित समुहको लागि दीगो जीविकोपार्जन  कार्यक्रम संचालन गर्ने | २०७४ अशोज सम्म | अध्यक्ष | |